नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

नीति सङ्क्षेप
Policy Brief

डा. शोभा पौडेल, डा. सबिन बसी, असोज २०७८

नी.अ.प्र. प्रकाशन सङ्ख्या ०३४

नी.अ.प्र. नीति सङ्क्षेप सङ्ख्या ००५

# नेपालको व्यापार घाटालाई सम्बोधन गर्न निर्यात प्रवर्धन र विविधीकरण*

## मुख्य सन्देश

- नेपालले सन् १९५० मा भारतसँग पहिलो व्यापार तथा पारवहन सन्धि र सन् १९८० देखि आर्थिक उदारीकरणको नीति अवलम्बन गरे पश्चात् नेपालको वैदेशिक व्यापारले उल्लेख्य रूपमा गति लिएको देखिन्छ ।
- उत्पादित वस्तु तथा सेवालाई विश्व बजारमा पठाइ भूमण्डलीकरणको उचित फाइदा लिन होस वा सीमित विशिष्टीकृत वस्तुहरूमात्र निर्यात गर्नु भन्दा धेरै किसिमका वस्तुहरू निर्यात गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आइपर्न सक्ने जोखिम कम गर्न, व्यापार विविधीकरण गर्नु नेपाल जस्तो अति कम विकसित देशको लागि महत्वपुर्ण मानिन्छ ।
- नेपाल व्यापार एकीकृत रणनीति/Nepal Trade Integration Strategy (NTIS) २०१० को प्रादुर्भाव भएसँगै सन् २०१० देखि नै निर्यात प्रवर्धन गर्ने नेपाल सरकारको रणनीति भएता पनि व्यापार घाटा कम हुनुको साटो चुलिँदै गएको छ । नेपालको वैदेशिक व्यापारको २०७१ देखि २०७६ सम्मको पछिल्लो प्रवृत्ति हेर्दा आयातको औसत वृद्धिदर १५.२% छ भने निर्यात वृद्धिदर करिब २% मात्र रहेको छ ।
- भन्सार विभाग र नेपाल राष्ट्र बैङ्कको आँकडालाई विश्लेषण गर्दा नेपाल व्यापार एकीकृत रणनीति २०१६ ले निर्यात गर्न पहिचान गरेका १२ प्राथमिकताका वस्तुहरू (लत्ताकपडा, कृषि उत्पादन, छाला जन्य पदार्थ, जुत्ता चप्पल जस्ता वस्तुहरू) ले २०७३/२०७४ - २०७५/२०७६ मा निर्यातमा राम्रै हिस्सा ओगटेको तर पछिल्लो वर्षहरूमा त्यो हिस्सा क्रमशः घट्दै गएको देखिन्छ ।
- नेपाल व्यापार एकीकृत रणनीति २०१६ (तेस्रो संस्करण) मा उल्लिखित निर्यात प्राथमिकताका उत्पादनहरूको सूचीलाई विस्तृत बनाई हालको उत्पादनशील संरचना र क्षमतामा तुलनात्मक लाभ भएका, अन्तर्राष्ट्रिय व्यापार केन्द्र (ITC २०२१) ले पहिचान गरेका निर्यात सम्भावित उत्पादनहरू र पछिल्ला केही वर्षहरूमा बढ्दो निर्यात दर भएका वस्तुहरू (पाम तेल बाहेक) लाई प्राथमिकता दिई सो सूचीलाई पुनःसंशोधन गर्नुपर्ने देखिन्छ ।
- यस नीति संक्षेपले निर्यात विविधीकरण गरी व्यापार घाटालाई न्युनीकरण गर्नको लागि नेपालको हालको क्षमतामा निर्यातको उच्च सम्भावना भएका विविध उत्पादनहरू जस्तै प्रशोधित चिया, अदुवा, ऊनीका गलैंचा, कपडा, हस्तकलाका सामान, अलैंची, जुस, जुटका सामान, धागो, लत्ताकपडा, जस्तापाता, तार, पिना, जुत्ता चप्पल, आयुर्वेदिक औषधी आदि वस्तुहरू पहिचान गरेको छ ।

## परिचय

नेपालको विश्व व्यापार तर्फ उन्मुख दुई ऐतिहासिक कदमहरू - सन् १९५० को भारतसँगको पहिलो व्यापार तथा पारवहन सन्धि र सन् १९८० देखि अवलम्बन गरिएको आर्थिक उदारीकरणको नीति पश्चात् - नेपालको वैदेशिक व्यापार उल्लेख्य रूपमा बढेको देखिन्छ । सामान्यतया नेपाल जस्तो अति कम विकसित देशको लागि विभिन्न कारणहरूले गर्दा व्यापार विविधीकरण गर्नु महत्वपुर्ण मानिन्छ । प्रथमतः यसो गर्दा विश्वव्यापीकरणको फाइदा लिन सकिन्छ । दोस्रो, सीमित विशिष्टीकृत वस्तुहरूमात्र निर्यात गर्नुभन्दा धेरै किसिमका वस्तुहरू निर्यात गर्दा अन्तर्राष्ट्रिय बजारमा आइपर्न सक्ने जोखिम कम गर्न सकिन्छ । तेस्रो, व्यापार वृद्धिको लागी क्षेत्रीय र प्रान्तीय व्यापार सङ्गठन (SAFTA, BIMSTEC,

* यो नीति संक्षेप नीति अनुसन्धान प्रतिष्ठानद्वारा तयार पारिएको "Addressing trade deficit of Nepal: Nepal's productive structure and avenues for diversification 2021" लेख, नेपाल राष्ट्र बैंक द्वारा तयार गरिएको "नेपालको वैदेशिक व्यापार प्रवृत्ति २०७६" र अन्तर्राष्ट्रिय व्यापार केन्द्र (International trade center) को "नेपालको आयात निर्यातको अवस्था २०२१" सम्बन्धी प्रतिवेदनमा आधारित छ ।

उद्धरणका लागि: शोभा पौडेल र सबिन बसी (२०७८) । नेपालको व्यापार घाटालाई सम्बोधन गर्न निर्यात प्रवर्धन र विविधीकरण [नीति संक्षेप] । काठमाडौं, नीति अनुसन्धान प्रतिष्ठान ।

WTO) हरूको सहयोग उपयोग गर्न सकिन्छ । अन्तर्राष्ट्रिय व्यापारमा नेपालको निर्यात हिस्सा बढाउन र निर्यात प्रवर्धनको लागि नेपाल सरकारले विभिन्न कालखण्डमा विभिन्न नीतिहरू जारी गरेको र विभिन्न व्यापार रणनीतिहरू अपनाएको छ । विशेष गरी बिदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन १९९२, औद्योगिक नीति र औद्योगिक उद्यम ऐन १९९२, बिदेशी लगानी र एकद्वार सेवा ऐन १९९२, विशेष आर्थिक क्षेत्र प्राधिकरण (Special Economic Zone Authority) को स्थापना २००४, सदस्य विश्व व्यापार सङ्गठन (World Trade Organization -WTO) २००४ र दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (SAFTA) २००४, व्यापार तथा निकासी प्रवर्धन केन्द्रको स्थापना २००६, व्यापार नीति २०१५ र नेपाल व्यापार एकीकृत रणनीति २०१६ आदि लाई प्रमुख नीति तथा रणनीतिको रूपमा लिइन्छ ।

नेपालको अन्तर्राष्ट्रिय व्यापार, व्यापार नीति २०१५ र नेपाल व्यापार एकीकृत रणनीति २०१६ द्वारा निर्देशित छ । नेपाल व्यापार एकीकृत रणनीति २०१६ सन् २०१० मा लागु गरिएको व्यापार रणनीतिहरूको तेस्रो संस्करण हो तर पनि व्यापार परिणामहरू भने अपेक्षित रूपमा आउन सकेका छैनन् । देशमा प्रजातन्त्रको पुनः बहाली भएपश्चात् आर्थिक वर्ष २०४६/४७ मा व्यापार घाटाको कुल गृहस्थ उत्पादनसँगको अनुपात १२.७% मात्रै रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा ३८.१% पुगेको थियो (नेपाल राष्ट्र बैंक, २०७६)। हालसालैका वर्षहरूमा नेपालको समग्र व्यापार घाटा बढेको मात्र होइन, नेपाल व्यापार एकीकृत रणनीति २०१६ मा छनोट गरिएका कतिपय उत्पादनहरूको समेत व्यापार घाटा बढ्दो दरमा देखिन्छ (Trade and Export Promotion Center [TEPC], 2020) । तसर्थ, नेपालको व्यापार नीतिहरूको समीक्षा गर्न र यी नीतिहरू नेपालको उत्पादनशील क्षमतासँग अनुकूल छन् कि छैनन् भनेर निर्क्योल गर्न आवश्यक छ ।

वैदेशिक व्यापार सम्बन्धी २०७१ देखि २०७५ सम्मको तथ्याङ्क हेर्दा नेपालको आयातको औसत वृद्धिदर १५.२% र निर्यात वृद्धिदर करिब २% रहेको देखिन्छ । तर २०७५/२०७६ मा निर्यात १९.४% ले वृद्धि भएको थियो । २०७४ सालदेखि पाम तेलको निर्यात उच्च भएकोले निर्यात वृद्धि भएको देखिन्छ (अनुसूची १)। त्यस्तै गरी गन्तव्यको आधारमा हेर्दा २०७१ देखि २०७६ सम्म सबैभन्दा बढी निर्यातको वृद्धिदर भारततर्फ ३.३% रहेको, चीनतर्फ १.६% र अन्य मुलुकतर्फ १.९% रहेको देखिन्छ । वस्तुगत निर्यातको अवस्था हेर्दा कुल निर्यातमा मुख्य गरी अलैंची, जुस, जुटका सामान, धागो, लत्ताकपडा, जस्तापाता, तार, पिना, जुत्ता चप्पल आयुर्वेदिक औषधी लगायतका छन् । यी वस्तुहरू नेपालबाट विगतदेखि नै नियमित रूपमा निर्यात हुने वस्तुहरू हुन् भने पाम तेलको निर्यात भने विगत केही वर्षदेखि मात्र सुरु भएको हो, जसले नेपालको कुल निर्यातको अधिक हिस्सा ओगटेर नेपालको कुल निर्यातको तथ्याङ्कमा नै ठुलो परिवर्तन आएको छ। २०७६ को पहिलो ६ महिनाको कुल वस्तु निर्यातमा २६.१% ले वृद्धि भएको थियो तर पनि पाम तेल बाहेकको वस्तुको निर्यात जम्मा ०.७% ले मात्र वृद्धि भएको थियो ।

निर्यात प्रवर्धन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०६७/६८ को बजेट वक्तव्यमार्फत निर्यात गर्ने उद्योगलाई निर्यातबाट प्राप्त विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाणको आधारमा नगद अनुदान प्रदान गर्ने व्यवस्था गरेको थियो । उक्त व्यवस्था कार्यान्वयनका लागी निर्यातमा नगद अनुदान सम्बन्धी कार्यविधि २०६८ जारी गरिएको थियो र उक्त कार्यविधिलाई समायनुकुल परिमार्जन गरी निर्यातमा नगद अनुदान सम्बन्धी (पहिलो संशोधन), २०७५ कार्यान्वयनमा रहेको छ। नेपाल सरकारले उक्त कार्यविधि अनुसार जुट र जुटका सामान, चिया, प्रशोधित जडीबुटी, अलैंची, जुस, पोलिस्टर धागो, ऊनी गलैंचा, कपडा आदिमा मूल्य अभिवृद्धि ५०% वा सो भन्दा बढी भएमा कुल मूल्य अभिवृद्धिको ५% र ५०% भन्दा कम भएमा ३% अनुदान दिने व्यवस्था रहेको छ ।

निर्यात प्रवर्धनका लागी तुलनात्मक लाभ बढी भएका वस्तु तथा सेवाको प्रवर्धनमा जोड दिनुपर्ने केही अध्ययनहरूले सुझाएका छन् । कुनै पनि देशको वस्तुको निर्यातमा तुलनात्मक लाभ यस्तो अवस्थामा मानिन्छ जब त्यस देशमा उक्त वस्तुको उत्पादन गर्दाको अवसर लागत उसको प्रतिस्पर्धीको भन्दा कम हुन्छ। यस नीति संक्षेपमा समावेश गरिएको एउटा लेखमा (Adhikari, 2021) पनि नेपाल व्यापार एकीकृत रणनीति २०१६ मा छनोट गरिएका १२ वटा उत्पादनहरूको तुलनात्मक लाभ बढी भएका वस्तुहरू निर्यात विविधीकरण र प्रवर्धनको लागि सिफारिस गरिएको छ । त्यस लेखमा तुलनात्मक लाभको गणना गर्दा विश्व व्यापार सङ्गठन (WTO, 2020) द्वारा सङ्कलित सन् २०११ देखि २०१४ सम्म १८५ राष्ट्र बिच भएको १,२५९ वस्तुको द्विपक्षीय व्यापारको तथ्याङ्क उपयोग गरी सबै राष्ट्र र वस्तुहरूको Normalized Revealed Comparative Advantage (NRCA) गणना गरेर सम्भावित निर्यात योग्य वस्तुको विविधीकरणको लागि आर्थिक जटिलता, उत्पादन जटिलता सूचक, Product Complexity Index (PCI) सम्बद्धता र उत्पादन क्षेत्र (Density), दुरी (Distance), र अवसर लाभ (Opportunity Gain) निर्धारण गरी तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको वर्गीकरण गरिएको छ (अनुसूची २) ।

त्यसै गरी अन्तर्राष्ट्रिय व्यापार केन्द्र (International Trade Center -ITC) को "नेपालको आयात निर्यातको अवस्था २०२१" सम्बन्धी प्रतिवेदनमा पनि निर्यात सम्भावना भएका मुख्य २० वस्तुहरूमा जुटको धागो, अलैंची, ऊनीका गलैंचा, दलहन, अदुवा आदि छन् । ITC ले सम्भावित निर्यात सूचकको प्रयोग गरी नेपालमा निर्यात सम्भावना भएका मुख्य

२० वस्तुहरूको पहिचान गरेको छ (अनुसूची ३) । पछिल्लो समय नेपाल व्यापार एकीकृत रणनीति २०१६ ले पहिचान गरेका निर्यात सम्भावना भएका केही वस्तुहरूले अन्तर्राष्ट्रिय बजारमा राम्रो प्रदर्शन गर्न सकेका छैनन् । त्यसैले नेपालको निर्यात प्रवर्धनको लागि NTIS २०१६ ले पहिचान गरेका अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी वस्तु, ITC ले वर्गीकरण गरेका उच्च सम्भावना भएका वस्तुहरू, नेपालको निर्यातमा विगत ५ वर्षमा अधिक हिस्सा भएका र निर्यात बढ्दो दरमा रहेका प्रमुख वस्तुहरूलाई (अनुसूची ४) प्राथमिकतामा राखेर वस्तुहरू छनौट गरी निर्यात प्रवर्धन रणनीति बनाउनु पर्ने देखिन्छ ।

## नीति संक्षेपीकरणको विधि

गुणात्मक अनुसन्धान विधिको डेस्क अनुसन्धान पद्धति अनुसार यो नीति संक्षेप तयार गरिएको छ । नीति अनुसन्धान प्रतिष्ठानद्वारा तयार पारिएको "Addressing trade deficit of Nepal: Nepal's productive structure and avenues for diversification 2021" लेख, नेपाल राष्ट्र बैंक द्वारा तयार गरिएको "नेपालको वैदेशिक व्यापार प्रवृत्ति २०७६" र अन्तर्राष्ट्रिय व्यापार केन्द्र (International Trade Center) को "नेपालको आयात निर्यातको अवस्था २०२१" सम्बन्धी प्रतिवेदनको विश्लेषणबाट सिर्जित सूचनालाई यो संक्षेपको मूल आधार मानिएको छ । नेपालले अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन सन्धि सम्झौतामा पहिलो पटक हस्ताक्षर गरे देखि सन् २०१९ (सन् १९५०-२०१९) सम्म निर्यात प्रवर्धनमा के कस्ता रणनीतिहरू अवलम्बन गरियो, के कस्ता वस्तु तथा सेवाको प्रवर्धन भयो र निर्यातको उच्च सम्भावना भएका वस्तु तथा सेवाको विविधीकरण गरी कसरी व्यापार घाटालाई घटाउन सकिन्छ भन्ने कुरा प्रणालीगत रूपमा समीक्षा गरिएको छ । यसका अलावा निर्यात प्रवर्धन र व्यापार विविधीकरण सम्बन्धी विभिन्न अनुसन्धानात्मक लेखहरूलाई यस नीति संक्षेप तयार गर्न प्रमाणका रूपमा समावेश गरिएको छ ।

## निष्कर्ष

नेपालको बढ्दो जनसङ्ख्यासँगै बढ्दो आवश्यकता, बढ्दो विश्वव्यापी सामीप्यता, नेपालको उत्पादनले नै देशको सबै खाले आवश्यकताको परिपूर्ति गर्न नसक्ने, विदेशी मुद्राको आवश्यकता, रोजगारी बढाउनुपर्ने, देशको आर्थिक विकास, आर्थिक सङ्कटबाट मुक्ति सँगै व्यापारमा एकाधिकारको अन्त्य, उत्पादन प्रविधिमा सुधार आदि आवश्यकताको कारण वैदेशिक व्यापारको र व्यापार विविधीकरणको आवश्यकता भएको हो । आर्थिक उदारीकरण र भूमण्डलीकरणको क्रममा स्वतन्त्र व्यापारबाट लाभ लिने अपेक्षाका साथ सन् २००४ मा नेपाल विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्र भएसँगै केही वस्तुहरूको आयातमा लगाइएका बन्देजहरू हटाउँदै लगिएको छ । नेपालले व्यापार प्रवर्धन तथा विविधीकरण गर्नको लागि विभिन्न नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याए पनि हालका वर्षहरूमा नेपालको व्यापार घाटा बढ्दै गएको छ ।

नेपाल व्यापार एकीकृत रणनीति २०१६ ले प्राथमिकतामा राखेको उत्पादनहरूले पनि अन्तर्राष्ट्रिय बजारमा त्यति राम्रो गति लिन सकेका छैनन् । NTIS २०१६ ले निर्यात प्रवर्धन गर्ने उद्देश्यले सुचीकृत गरेका १२ वस्तुहरू मध्ये २०७६/७७ को पहिलो ६ महिनाको तथ्याङ्क हेर्दा अलैँची बाहेक अरू सबै वस्तुको निर्यात दर ऋणात्मक रहेको थियो । यस्तो हुनुमा निर्यात-सम्भाव्य वस्तुको गलत पहिचान वा व्यापार रणनीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु हो । नेपालको निर्यात सामग्रीमा कपडा उत्पादनहरू (कार्पेट, गलैँचा, प्याकिङ झोला), कपडाका सामानहरू (सर्ट, सूट र स्कार्फहरू) र जुत्ता, धातु उत्पादन, खाद्यान्न उत्पादनहरू (पास्ता, जुस) र पशु आहार जस्ता वस्तु तथा उत्पादनहरू थोरै मात्र समावेश भएको दर्साउँछ । नेपाल व्यापार एकीकृत रणनीति २०१६ ले हालको उत्पादनशील संरचना र क्षमतालाई ध्यानमा राखी व्यापार विविधीकरणको सम्भावित मार्गहरू पत्ता लगाएको देखिन्न । त्यसैले ITC ले पहिचान गरेका नेपालका निर्यात सम्भावित वस्तु, अन्तर्राष्ट्रिय बजारको अहिलेको माग र नेपालको प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ उच्च भएका वस्तुहरूको पहिचान गरी वस्तुगत र देशगत व्यापार विविधीकरण गर्नु अहिलेको टड्कारो आवश्यकता भएको छ ।

## नीति सिफारिसहरू

नेपालको निर्यात प्रवर्धन र विविधीकरण गरी बढ्दो व्यापार घाटालाई कम गर्नका लागि निम्न नीतिहरू सिफारिस गरिएको छ ।

- नेपालको उत्पादनशील क्षमताको मध्यनजर गर्दै NTIS २०१६ मा उल्लिखित निर्यात प्राथमिकताका उत्पादनहरू जसको निर्यात सन्तोषजनक छैन (फर्निचरका सामान, अदुवा, आयुर्वेदिक औषधी, कपडा तथा धागो, छाला जन्य पदार्थ, जुत्ता चप्पल) को सूचीलाई परिमार्जन गर्नुपर्ने देखिन्छ किनभने २०७६/७७ को पहिलो ६ महिनाको तथाङ्क हेर्दा अलैँची बाहेक अरू सबै वस्तुको निर्यात दर ऋणात्मक रहेको थियो ।
- नेपालको हालको उत्पादनशील संरचना र क्षमतालाई ध्यानमा राख्दै ITC ले सूचिकृत गरेका, निर्यातको उच्च सम्भावना भएका र विगतका केही वर्षदेखि निर्यात वृद्धि भएका वस्तुहरू (अलैँची, अदुवा, प्रशोधित चिया, दलहन, कपडा तथा धागो, जुत्ता चप्पल, पस्मिना, ऊनी गलैँचा, कृषिजन्य उत्पादन, चाँदीका सामान आदि) र तुलनात्मक लाभ लिन सकिने उत्पादनहरूलाई प्राथमिकता दिई निर्यात विविधीकरण गरिनु पर्ने ।

- व्यापार प्रवर्धन केन्द्र (TPC) ले हालसम्म चार प्राथमिकताका उत्पादनहरू - चिया, कफी, ठूलो अलैंची र हस्तनिर्मित कागजहरूको लागि मात्र क्षेत्रगत रणनीतिहरू बनाएकोमा त्यस्ता रणनीतिहरू अन्य उत्पादनहरू (दलहन, हस्तकलाका सामान, कपडा तथा धागो, जुत्ता चप्पल, पस्मिना, ऊनी गलैंचा, कृषिजन्य उत्पादन) हरूका लागि पनि बनाइनु पर्ने ।
- "नेपाल व्यापार मञ्च" ले विभिन्न सरोकारवालाहरू (निजी क्षेत्र, विज्ञ र अन्य सरोकारवालाहरू) बिच राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापारको सम्बन्धमा हुने छलफलमा खेल्ने महत्वपुर्ण भूमिकालाई मध्यनजर राख्दै, व्यापार प्रवर्धन तथा विविधीकरणका निम्ति यसको सक्रियता बढाइनु पर्ने ।
- नेपालको वैदेशिक व्यापारको आकारमा भएको वृद्धि अनुसार निर्यातको हिस्सा बढ्न नसकेकोले नेपालको प्रतिस्पर्धी क्षमता बढाउँदै वैदेशिक व्यापार देशगत र वस्तुगत रूपमा विविधीकरण गर्दै जानु पर्ने ।

## सन्दर्भ सामाग्री


Adhikari, S. (2021). *Addressing Trade Deficit of Nepal: Nepal's Productive Structure and Avenues for Diversification.* Policy Research Institute, Kathmandu, Nepal.

Department of Customs. (2021). *Foreign Trade Statistics FY 2075/76 (2018/19).* https://archive.customs.gov.np/en/monthlystatstics.html

Government of Nepal. (2015). *Nepal Trade Policy.* Kathmandu: Ministry of Industry, Commerce and Supplies. Singhadurbar, Kathmandu, Nepal https://moics.gov.np/public/uploads/shares/policy/trade_policy_20721_1467958214_1470736457.pdf

Government of Nepal. (2016). *Nepal Trade Integration Strategy.* Kathmandu: Ministry of Industry, Commerce and Supplies, Singhadurbar, Kathmandu,Nepal https://moics.gov.np/public/uploads/shares/publication/NTIS_2016_1546150729.pdf

International Trade Center (2021). *Nepal's product with potential report.* https://exportpotential.intracen.org/en/products/tree map?fromMarker=i&exporter=524&toMarker=j&market=842&whatMarker=k

Nepal Rastra Bank. (2019). *Current Macroeconomic and Financial Situtation of Nepal.* Nepal Rastra Bank. Kathmandu, Nepal.

Trade and Export Promotion Center (2020). *Nepal Trade Information Portal.* https://nepaltradeportal.gov.np/web/guest/data-visualization

World Trade Organization. (2020). *Trade and Tariff Data.* https://www.wto.org/english/res_e/statis_e/statis_e.htm

Yu, R., Cai, J., & Leung, P. (2009). *The normalized revealed comparative advantage index.* The Annals of Regional Science, 43, 267-282. https://doi.org/10.1007/s00168-008-0213-3.


## अनुसूची १: नेपालको बैदेशिक व्यापारको अवस्था


| विवरण | वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४ /७५ | २०७५/७६ |
| कुल वस्तु निर्यात (रु. अर्ब) | ८५ | ७० | ७३ | ८१ | ९७ |
| कुल वस्तु आयात (रु. अर्ब) | ७७५ | ७७४ | ९९० | १२४५ | १४१९ |
| वस्तु व्यापार घाटा (रु. अर्ब) | ६८९ | ७०३ | ९१७ | ११६४ | १३२१ |
| कुल व्यापार (रु. अर्ब) | ८६० | ८४४ | १०६३ | १३२६ | १५१६ |
| **वृद्धिदर (प्रतिशत)** | | | | | |
| कुल वस्तु निर्यात | -७. ३ | -१७.८ | ४.२ | ११.४ | १९.४ |
| कुल वस्तु आयात | ८.४ | -०.१ | २८ | २५.८ | १३.९ |
| वस्तु व्यापार घाटा | १०.८ | २ | ३०.४ | २६.९ | १३.५ |
| कुल व्यापार | ६.७ | -१.९ | २६ | २४.८ | १४.३ |

## अनुसूची २: नेपालको निर्यात बजारको प्रवर्धन र विविधीकरणको लागि विश्व व्यापार संघ (WTO) द्वारा सङ्कलित सन् २०११-१४ बिच भएको १८५ राष्ट्र बिच १,२५९ वटा वस्तुको व्यापार तथ्याङ्कबाट विश्लेषण गरी प्रक्षेपण गरिएका उच्च क्षमता भएको सम्भावित निर्यात योग्य वस्तुहरूको सुच

| क्र सं | सामाग्रीहरू | समूह | उत्पादन जटिलता तथ्याङ्क (PCI) | सामान्यीकृत खुलासा गरिएको तुलनात्मक लाभ (NRCA) | घनत्व (Density) | दुरी (Distance) | अवसर लाभ | विश्व निर्यात दर (मिलियन $) | विश्व निर्यातमा भूमिका (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मैनबत्ती र सम्बन्धित वस्तु | रसायन जन्य | ०.१२२ | — ०.००६ | ०.१४३ | ०.८५७ | ०.०१८ | ३७३० | ०.०१ |
| २ | सुतिका कपडा | कपडा जन्य | ०.५७४ | — ०.००३ | ०.१४२ | ०.८५८ | ०.०८१ | १४१० | ०.००४ |
| ३ | धागो | कपडा जन्य | ०.११२ | — ०.००१ | ०.१४४ | ०.८५६ | ०.०१६ | ६५४ | ०.००२ |
| ४ | विशेषबुनिएका कपडा | कपडा जन्य | ०.५०० | — ०.००५ | ०.१४० | ०.८६० | ०.०७० | २६५० | ०.००७ |
| ५ | छाता तथा घाम छाता | कपडा जन्य | ०.११३ | — ०.००१ | ०.१४१ | ०.८५९ | ०.०१६ | ५४३ | ०.००१ |
| ६ | सेरामिक सामग्री | ढुंगा तथा सेरामिक | ०.५१९ | — ०.०१२ | ०.१४१ | ०.८६० | ०.०७३ | ६६५० | ०.०१७ |
| ७ | फ्लोट र पोलिश सिसा | सिसा जन्य | ०.२३७ | — ०.०३१ | ०.१४४ | ०.८५६ | ०.०३४ | १५२०० | ०.०३९ |
| ८ | बकल्स, हुक्स आदि | धातु जन्य | ०..४८२ | — ०.००७ | ०.१४१ | ०.८५९ | ०.०६८ | ४३१० | ०.०११ |
| ९ | बिउ शुद्ध र ग्रेडिंग गर्ने मेसिन | मसिनरी र उपकरणहरू | ०.१०ड | — ०.०१० | ०.१४५ | ०.८५५ | ०.०१६ | ४९८० | ०.०१३ |
| १० | फर्निचरका सामानहरू | फर्निचर | ०..४१० | — ०.२०८ | ०.१४८ | ०.८५२ | ०.०६१ | १३७००० | ०.३५३ |
| ११ | प्रिफ्याब्रिकेटेड घरहरू | फर्निचर | ०.२०० | — ०.०३० | ०.१४३ | ०.८५७ | ०.०२९ | १५००० | ०.०३९ |
| १२ | झाडु, कुचो आदि | विविध | ०.०९० | — ०.०१६ | ०.१६८ | ०.८३२ | ०.०१५ | १५२०० | ०.०३९ |
| | **जम्मा** | | | | | | | **२०७,३२७** | **०.५३५** |

(Source: Adhikari, 2021)

## अनुसूची ३: अन्तर्राष्ट्रिय व्यापार केन्द्र (ITC 2021) ले पहिचान गरेका नेपालका निर्यात सम्भावित वस्तुहरू




## अनुसूची ४: २०७१/७२ देखि २०७५/७६ सम्म निर्यात वृद्धि भएका प्रमुख वस्तुहरु रू. करोडमा

| वस्तु | वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४ /७५ | २०७५/७६ |
| पाम तेल | ० | ० | ० | ० | १०३३ |
| अलैंची | ३८४ | ४६३ | ३९१ | ४८५ | ४२८ |
| वाद्यवादनका सामाग्री | ११ | १५ | १९ | २६ | ३४ |
| कुकुर र विरालोको आहार, (छुर्पि) | २८ | ४३ | ५५ | ८६ | १०५ |
| आयुर्वेदिक औषधी | ९१ | ७३ | ६८ | ७४ | ७३ |
| चाँदिका गरगहना | ११ | २२ | २६ | ३५ | ५१ |
| जुटका सामान | ४२७ | ४२५ | ४४६ | ४६४ | ५८१ |
| चाउचाउ | ६७ | ४७ | ६८ | ६२ | ९४ |
| धागो (पोलिस्टर तथा अन्य) | ५२० | ३३० | २८५ | ४३० | ६९१ |
| हस्तकलाका सामान | ३७ | ६० | ६६ | ५९ | ६९ |
| अन्यको कुल निर्यात | ६९५५ | ५५३४ | ५८८२ | ६४१५ | ६५५० |
| जम्मा | **८५३२** | **७०१२** | **७३०५** | **८१३६** | **९७११** |